नेपाल सरकार

उर्जा मन्त्रालय

**बिद्युत बिकास बिभागको**

सूचना

(मिति २०७१।०४।२२ गतेको गोरखापत्र दैनिक र कारोबार दैनिकमा प्रकाशित)

जलबिद्युत उत्पादन प्रसारण तथा बितरण आयोजनाहरुको लागि आबश्यक निर्माण उपकरण, मेशिनरी औजार तथा तिनका पार्टपूर्जा आदिको आपूर्तिको लागि नेपालमा उत्पादन हुनेको हकमा स्वदेशी उत्पादनलाई नै प्रोत्साहन दिने मौजूदा नीति अनुरुप बिद्यमान बिद्युत ऐन तथा आर्थिक ऐनले नेपालमा उत्पादन नहुने सामानहरुमा मात्र महसुल कर छुटको सुबिधा प्रदान गरेको सर्बबिदितै छ । यस प्रयोजनको लागि उपरोक्त सरसामानहरुका नेपाली उत्पादनकर्ताहरुले आफुले उत्पादन गरेको बस्तुको Technical Specification सहितको बिबरण, सो बस्तुको लागि प्राप्त गुणस्तरको प्रमाणपत्रको प्रतिलिपि, बार्षिक उत्पादन क्षमता तथा आफ्नो उद्योगको उद्योगदर्ताको प्रमाणपत्रको प्रतिलिपि यस बिभागको तल उल्लेखित ठेगानामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । निर्धारित समयभित्र यस बिभागमा बिबरण उपलब्ध हुन नआएमा उक्त सामानहरु नेपालमा उत्पादन नहुने आधारमा प्रचलित ऐन, नियम बमोजिम बिभागको काम कारबाही अगाडी बढाइने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ठेगाना**


बिद्युत बिकास बिभाग

थापागाउँ, अनामनगर,

काठमाण्डौ

पो.ब.नं. २५०७

फोन नं.४४८०३२६,४४७९५०७,४४७९९२१

फ्याक्स ०१-४४८०२५७